का.जि.प्र.का.द.नं. १००/०५१/५०
२७ माघ २०८०,
शनिबार
10 February 2024,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक ३६७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# प्रचण्डसँग जनार्दन र वर्षमानको मुखामुख

विधानको मस्यौदामाथि स्थायी समितिमै छलफल गर्नुपर्ने प्रस्ताव उपमहाचिवद्वय जनार्दन शर्मा र वर्षमान पुनले राखेपछि पार्टी अध्यक्ष प्रचण्डसँग मुखामुख भयो । तर प्रचण्डले यो समितिमा छलफल नहुने भएकाले लिखित सुझाव दिन भनेपछि नेताहरुले असहमति जनाएनन् ।



**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २६ माघ ।

नेकपा माओवादी केन्द्रको स्थायी समिति बैठकमा विधानको मस्यौदामाथि छलफल सुरु भएको छ । शुक्रबार पार्टी कार्यालय पेरिसडाँडामा बसेको बैठकमा मस्यौदा कमिटीले आफ्नो प्रतिवेदन पेश गरेको हो । माओवादी केन्द्रका महासचिव देवराज गुरुङका अनुसार विधानको मस्यौदामाथि सुरु भएको छलफल शनिबार पनि जारी रहनेछ । उनका अनुसार शुक्रबार विधान मस्यौदा अगाडि बढाउने प्रक्रियाका सम्बन्धमा केही नेताहरुले धारणा राखे ।

उनी भन्छन्, 'केही नेताहरुले स्थायी समितिमै विधानमाथि छलफलको प्रस्ताव राख्नुभयो । तर अध्यक्षले लिखित सुझाव लिने र विधान अधिवेशनमै विस्तृत छलफल गर्ने मोडालिटीको कुरा गर्नभयो । त्यसमा कसैको विमत्ति रहेन ।'

शुक्रबारको बैठकमा उपमहासचिवद्वय वर्षमान पुन र जनार्दन शर्माले विधानमाथि स्थायी समितिको बैठकमै छलफल गर्नुपर्ने प्रस्ताव राखेका थिए । उपमहासचिवद्वयले विधानमाथि स्थायी समितिमै छलफल हुनुपर्ने प्रस्ताव राखेपछि पार्टी अध्यक्ष प्रचण्डसँग मुखामुख भएको हो । तर प्रचण्डको छलफल नहुने र लिखित सुझाव लिने निर्णयमा नेताहरुले असहमति जनाएनन् ।

माओवादी केन्द्रका सचिव गणेश साहका अनुसार शुक्रबारको बैठकमा मस्यौदामाथि तल्लो कमिटीबाट आएका सुझाव र सल्लाह प्रस्तुत भएको छ । सुझाव समेतका आधारमा आगामी फागुन १ देखि हुने प्रथम विधान अधिवेशनअघि मस्यौदा विधानलाई अन्तिम रुप दिइनेछ ।



केही नेताहरुले स्थायी समितिमै विधान मस्यौदामाथि छलफल हुनुपर्ने प्रस्ताव राख्नुभयो । तर अध्यक्षले लिखित सुझाव लिने र विधान अधिवेशनमै छलफल गर्ने मोडालिटीको कुरा गर्नुभयो, कसैको विमति रहेन ।

■ **देव गुरुङ**
**महासचिव, माओवादी केन्द्र**

तर विधानलाई अन्तिम रुप दिने विषयमा स्थायी कमिटीमा छलफल हुनुपर्ने प्रस्तावले पार्टीका तरंग ल्याएको नेताहरु बताउँछन् । उपमहासचिव जनार्दन शर्माले मस्यौदा सुझावमा पुरक प्रस्ताव पेश गरेका थिए । त्यसकारण पनि यो विषयले पार्टीमा माहोल केही फरक बनाएको नेताहरु स्वीकार गर्छन् । अझ अर्का उपमहासचिव वर्षमान पुनले समेत जनार्दनको प्रक्रियागत प्रस्तावमा समर्थन जनाएपछि नेताहरु आपसमा तरंगित भएका हुन् ।

प्रचण्डनिकट नेताहरुका अनुसार छलफल गर्नका लागि अध्यक्ष तयार छन् । तर पूरक र फरक प्रस्ताव भनेर गरिने छलफलका लागि तयार छैनन् । त्यस्तो छलफल गर्ने अवस्थाका लागि विधान अधिवेशनमै गरौं भनिएको उनीहरुको भनाइ छ । अन्यथा, सुझाव लिने र विधानलाई परिस्कृत बनाएर फागुन १ गते अन्तिम रुप दिने विषयमा सबै प्रकारको छलफलका लागि अध्यक्ष प्रचण्डले कुनै अवरोध नगर्ने उनीहरु बताउँछन् ।

माओवादीको नेतृत्वमा तीन दशकदेखि प्रचण्ड नेतृत्वमा छन् । शान्ति प्रक्रियामा आएको झण्डै दुई दशकसम्म पनि उनको नेतृत्व डगमगाएको छैन् । तर यसपटक जनार्दन शर्माले विधानमाथि पूरक प्रस्तव पेश गरेका छन् । जनार्दनको यस्तो प्रस्तावले प्रधानमन्त्री समेत रहेका प्रचण्ड झस्किएको कतिपय नेताहरु बताउँछन् ।

पार्टीको आगामी नीति, नेतृत्व, कार्यदिशा, सांगठानिक सिद्धान्त, पार्टीको नाम, मातहत समिति, जन वर्गीय संगठन, जबसको भूमिका >>> पृष्ठ २ मा

कोशी प्रदेशको किचलो

# तत्काललाई हट्यो गतिरोध

कोशी प्रदेशको नामाकरण परिवर्तनको माग राखेर आन्दोलनरत पक्षसँग प्रदेश सरकारले पाँच बुँदे सहमति गरेको छ । यो सहमतिसँगै तत्काललाई प्रदेशमा देखिँदै आएको गतिरोध तत्काललाई हटेपनि दीर्घकालीन निकास भने अझै सकसपूर्ण देखिन्छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ माघ ।

प्रदेशको नामाकरणप्रति असन्तुष्टि जनाएर आन्दोलनरत पक्षसँग कोशी प्रदेश सरकारले पाँच बुँदे सहमति गरेको छ । बिहीबार र शुक्रबार भएको वार्तापछि पाँच बुँदे सहमति जुटेको हो ।

सहमति अनुसार, प्रदेशको नामाकरण परिवर्तन गर्न संवैधानिक तथा राजनीतिक प्रक्रिया अगाडि बढाइने भएको छ । भौतिक पूर्वाधार मन्त्री कमलप्रसाद जवेगु नेतृत्वको सरकारी वार्ता टोलीले प्रदेशको नाम परिवर्तन गर्न संवैधानिक प्रक्रियाको बातावरण निर्माण गर्ने सहमति जनाएको छ ।

सहमति बमोजिम प्रदेशको नाम फेर्न सरकारी तथा आन्दोलनरत पक्षबाट समेत राजनीतिक बातावरण सिर्जना गरिनेछ । पाँच बुँदे सहमतिको दोस्रो बुँदामा उल्लेख सर्तले प्रदेशभर चलिरहेको आन्दोलनको रुप बदलिने भएको छ ।

यो बुँदामा अब आन्दोलनको स्वरुप शान्तिपूर्ण हुने उल्लेख छ । सरकारी तर्फबाट कुनै बल प्रयोग नगर्ने र आन्दोलनकारी समेत पूर्ववत: स्वरुप बदल्ने सहमति जुटेको छ ।


यो सहमतिसँगै अब प्रदेशसभाका सदस्यहरुलाई आफ्नो निर्वाचन क्षेत्र जाने बाटो खुलेको छ । गत वर्ष १७ फागुनमा प्रदेशको नाम कोशी राखेसँगै पहिचान पक्षधरहरुले प्रदेशसभा सदस्यहरुलाई बहिष्कार आन्दोलन चलाएका थिए । मोसो दल्ने, कालो झण्डा देखाउनेदेखि प्रदेशसभा सदस्य र मन्त्रीहरु चढेको सवारीमाथि ढुंगामुढा गर्ने गतिविधि आन्दोलनकारीहरुले गर्दै आएका थिए ।

आन्दोलनकारीले अपनाएको यस्तो शैलीको निशानामा विशेषगरी नेकपा एमालेका नेताहरु परेका थिए । एमाले अध्यक्ष केपी शर्मा ओली, सचिव योगेश भट्टराई लगायत नेताको सवारीमाथि विभिन्न ठाउँमा पटकपटक आन्दोलनकारीले आक्रमणको प्रयास गरेका थिए । प्रदेशका मुख्यमन्त्री सहित मन्त्रीहरु समेत आन्दोलनकारीको निशानामा थिए । जसकारण प्रदेश सरकार राजधानी विराटनगर केन्द्रीत भएका थिए ।

तर प्रदेश सरकारसँग जुटेको सहमतिसँगै अब प्रदेशभर यस्ता आक्रमण प्रयासको गतिविधि रोकिने भएको छ । सहमतिको तेस्रो बुँदामा आन्दोलनका क्रममा घाइते भएकाहरुको उपचार र शहीद परिवारलाई प्रदेश सरकारले आवश्यक क्षतिपूर्तिको प्रबन्ध गर्ने भएको छ । >>> पृष्ठ २ मा

निजी क्षेत्रको बजेट वाच

# गत वर्षभन्दा बजेट कार्यान्वयनमा प्रगति




**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २६ माघ ।

चालु आर्थिक वर्ष (आव) मा बजेट कार्यान्वयनको ६ महिनामा गत आवको सोही अवधिको तुलनामा सकारात्मक देखिएको छ । चालु आवको ६ महिनामा बजेटमा घोषणा भएका बुँदाहरु मध्ये ७४ प्रतिशत (कुल ५४ बुँदा) नीति तथा कार्यक्रमहरु आंशिक कार्यान्वयनमा गएका छन् । चालु आवको पहिलो त्रैमासमा बजेटमा घोषणा गरिएका कार्यक्रमहरु मध्ये ४९ प्रतिशत आशिंक कार्यान्वयन भएका छन् भने दोस्रो त्रैमासमा ७४ प्रतिशत कार्यक्रम आंशिक कार्यान्वयन भएका छन् । जबकी अघिल्लो आवको सोही अवधिमा प्राथमिकतामा राखेका ६३ मध्ये ४७ बुँदाहरु मात्र आंशिक कार्यान्वयनको चरणमा गएका थिए । जसलाई निजी क्षेत्रले यसलाई सकारात्मक रुपमा लिएको छ ।

शुक्रबार नेपाल उद्योग परिसंघ (सिएनआई)ले आयोजना गरेको बजेट वाच कार्यक्रममा चालु आवको बजेट कार्यान्वयनको अवस्था प्रस्तुत गरिएको थियो । सिएनआईका अध्यक्ष राजेशकुमार अग्रवालले बिगतमा बजेटमा राम्रा कार्यक्रम आउने तर कार्यान्वयनको अवस्था कमजोर रहने गरेकोमा चालु आवको बजेट कार्यान्वयन तुलनात्मक रुपमा सन्तोषजनक रहेको बताएका थिए । तरपनि सन्तोष रहने अवस्था नरहेको उनको भनाइ थियो ।

'हामीले विश्वास लिएका छौं की बाँकी अवधिमा बजेट कार्यान्वयन प्रभावकारी रुपमा हुनेछ, बजेटमार्फत् राखिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न पूँजीगत खर्च बढाउनुपर्ने आवश्यकता छ', अध्यक्ष अग्रवालले भने, 'पुँजीगत खर्च बढ्न नसक्दा विकास निर्माणका कार्यहरु प्रभावकारी रुपमा अगाडि बढ्न नसकेको हो की भन्ने हामीले महसुस गरिरहेका छौं ।'

सिएनआईले निजी क्षेत्र र अर्थतन्त्रसँग प्रत्यक्ष सरोकारका ७३ वटा बुँदालाई औद्योगिक विकास, लगानी प्रवर्द्धन, पूर्वाधार विकास, पर्यटन, कृषि क्षेत्रमा स्वदेशी उत्पादन तथा निर्यात प्रवर्द्धन, र कर व्यवस्थालाई सात क्षेत्रमा वर्गिकरण गरेर अध्ययन गरेको थियो । >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# युद्धमा फसेका नेपालीको उद्धारका लागि सरकार गम्भीर बन्नुपर्छ : माधव नेपाल

**काठमाडौं/रासस-** रुस-युक्रेन युद्धमा फसेका नेपालीको उद्धारका लागि सहयोग गर्न पीडित परिवारले शुक्रबार नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको ध्यानाकर्षण गराएका छन् । पीडित परिवारका सदस्यले पार्टीको केन्द्रीय कार्यालय पुगेर ' पीडित परिवार तथा नागरिकको जीवनरक्षाका लागि सचेतना' अभियानका तर्फबाट अध्यक्ष नेपाललाई ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

ध्यानाकर्षण पत्र बुझ्दै अध्यक्ष नेपालले रुस र युक्रेन युद्धमा फसेका नेपालीको उद्धारका लागि गम्भीर बन्न सरकारसँग कुराकानी गर्ने बताए । सैन्य भर्ती सम्झौता नभएका मुलुकमा पनि फौजमा भर्ना भइ मर्नुपर्ने नियति आउनु राष्ट्रका लागि लज्जाको विषय भएको बताउँदै उनले भने, 'रुस र युक्रेनको युद्धमा फसेका नेपालीको तत्काल उद्धारका निम्ति म सरकारसँग कुरा गर्छु, नेपालीहरू त्यहाँ कसरी पुगे ? रहर हो कि बाध्यता ?'

पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले युद्धमा रहेका नेपालीलाई फिर्ता ल्याउने, घाइतेको उपचार गर्ने, मृतकको खोजी गर्ने विषयलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । अभियानका संयोजक कृतु भण्डारीले युद्धमा कुनै सम्बन्ध नभएको नेपालका नागरिकले ज्यान गुमाउनुपर्ने अवस्था संवेदनशील भएको बताउँदै यसको अन्त्यका लागि सम्पूर्ण नेपालीको चिन्ता र सरोकार भएकाले सबै दलको साझा दृष्टिकोण बन्नुपर्ने विचार व्यक्त गरे । ध्यानाकर्षण पत्रमा रुसी सेनामा भर्ति हुन पुगेका नेपालीलाई अविलम्ब फिर्ता गर्नुपर्ने, युद्धमा ज्यान गुमाएका आफन्तको शव ल्याउनुपर्ने, महिनौदेखि सम्पर्क नभएकाको वास्तविकता पत्ता लगाउनुपर्ने, सम्पर्कमा भएका सकुशल घर फर्किने वातावरण निर्माण गर्नुपर्ने, असंलग्न परराष्ट्र नीतिको पक्षपाति नेपालका नागरिक कुनै पनि मुलुकको पक्ष तथा विपक्षमा उभिन नहुने, जीवन गुमाउन पुगेका नागरिकका परिवारलाई उचित क्षतिपूर्ति, घाइतेको उचित उपचार सेनामा रहेका आफ्ना नागरिकको जीवन रक्षाका लागि सकुशल घर फिर्ताका लागि व्यवस्था गर्नुपर्नेलगायत विषय उल्लेख छ ।

## माल्टा पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि माल्टा पठाइदिने भन्दै पाँच लाख रुपैयाँ ठगी गर्ने एक जनालाई प्रहरीले पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा पर्साको वीरगञ्ज महानगरपालिका-१४ घर भइ हाल काठमाडौं महानगरपालिका-३२ शान्तिनगर बस्ने धीरज पटेल रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए ।

पक्राउ परेका पटेल विवेक यादवलाई वैदेशिक रोजगारीका लागि माल्टा पठाइदिने भन्दै पटक-पटक गरी पाँच लाख लिइ सम्पर्कविहीन भएका थिए । उनलाई प्रहरीले बबरमहलबाट पक्राउ गरेको हो । पक्राउ परेका पटेललाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरी उपरीक्षक रेग्मीले जानकारी दिए ।

मध्यान्ह
www.madhyanhadaily.com
२७ माघ २०८०, शनिबार
10 February 2024, Saturday

# सगरमाथा विमानस्थस्थलको निर्माण तत्काल अघि बढ्छ : मन्त्री किराती

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २६ माघ

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले सगरमाथा विमानस्थस्थलको निर्माण तत्काल अघि बढाइने बताएका छन् । शुक्रबार उदयपुरको त्रियुगा नगरपालिका-१ जोगिदहमा प्रस्तावित सगरमाथा विमानस्थल क्षेत्रको निरीक्षण गर्दै मन्त्री किरातीले विमानस्थल निर्माणका लागि पटक-पटक आवाज उठिसकेकाले मन्त्रालयले अब प्रक्रिया छिट्टै अघि बढाउने बताएका हुन् ।



मन्त्री किरातीले भारतदेखि भुटानसम्मका पर्यटकलाई सगरमाथा क्षेत्रको भ्रमण गर्न र खोटाङको हलेसी महादेवसम्मको पर्यटन प्रवर्द्धन र विकासका लागि विमानस्थलको महत्वपूर्ण भूमिका रहने बताए ।

मन्त्री किरातीले विमानस्थल निर्माणसँगै आर्थिक र पर्यटन विकासका लागि हिमाली माउण्टेन उडान गरी विदेशी तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्न जोड दिनुपर्ने बताए । साथै मन्त्री किरातीले विमान खरिद प्रक्रिया पनि अघि बढेको जानकारी दिए । उनले सगरमाथा विमानस्थल निर्माणका लागि अहिले ५ करोड रुपैयाँ छुट्ट्याइएको बताए । मन्त्री किरातीले समबन्धित निकायलाई टेलीफोनमार्फत विमानस्थल निर्माणका लागि निर्देशन दिँदै निर्माण समिति र स्थानीयलाई विमानस्थल निर्माण कार्य तत्काल शुरु हुने आश्वासन दिए । सो क्रममा विमानस्थल निर्माण आयोजनाका अध्यक्ष वीरेन्द्र बस्नेतले विमानस्थल सञ्चालनबाट यहाँका नागरिकहरुलाई हुने फाइदा, पर्यटन तथा आर्थिक विकासका लागि पनि विमानस्थलको निर्माण कार्य तत्काल अघि बढाउनुपर्ने बताए । विमानस्थल निर्माणका लागि एक सय ५६ दशमलव ११ हेक्टर जग्गा व्यवस्थापन भइसकेको छ भने कूल एक हजार चार सय मिटर लम्बाई र ४० मिटर चौडाईको विमानस्थल निर्माण हुनेछ ।

# बजेट माग्दा मेयरले धम्क्याएको वडा अध्यक्षको आरोप

**राकेश यादव/मध्यान्ह**
रौतहट, २६ माघ




रौतहटको मौलापुर नगरपालिकाका नगर प्रमुख रिना कुमारी साहले राजनीतिक रिस साध्न २ वटा वडालाई विकास निर्माणको कार्यमा विभेद गरेकी वडा अध्यक्ष श्यामकिशोर साहले आरोप लगाएका छन् ।

नगरपालिकाले सञ्चालनमा ल्याएको 'असहायसँग मेयर कार्यक्रम' अन्तर्गत विवाहको कार्डको आधारमा गरेको सिफारिश माथि नगर प्रमुखले छानबिन नै नगरी आफूलाई बदनाम गर्ने उद्देश्यले आफ्नो गल्ती ढाकछोप गर्न अफवाह फैलाइएको वडा अध्यक्ष साहले आरोप लगाए ।

शुक्रबार वडा कार्यालयमा सञ्चारकर्मीसँग कुरा गर्दै वडा नम्बर ९ का एमालेबाट निर्वाचित वडा अध्यक्ष साहले नगर प्रमुख आफ्नो नजिकको व्यक्तिलाई वडाको सिफारिश बिना रकम दिने तथा गरिब असहायलाई सिफारिश गरेर पठाउँदा फाइल नै गायव गराउने गरेको आरोप लगाए ।

आर्थिक वर्ष २०७९/८० मा आर्थिक सहयोगको लागि गरेको सिफारिशसहितको फाइल नै गायब गरिदिएको स्थानीय ठगा साहले बताए । १ वर्ष पहिला नै छोरीको विवाह गरेको र सहयोगको लागि निवेदन दिएकोमा अहिलेसम्म रकम नपाएको उनले गुनासो पोखे ।

वडा नम्बर ८ का स्वतन्त्रबाट निर्वाचित भएका वडा अध्यक्ष शिव प्रशन यादवलाई समेत उपेक्षित गर्ने मेयर साहले आफ्नो पक्षको सम्पन्न व्यक्तिलाई सोझै आर्थिक सहयोग दिने गरेको स्थानीयले बताए ।

स्थानीय नरेश यादवले १ वर्षदेखि दौड धुप गरेपनि अहिलेसम्म रकम नपाएको बताए । यस विषयमा नगर प्रमुख साहसँग कुरा गर्न खोज्दा फोन सम्पर्क हुन सकेन ।

# 'नियम विपरीतका कार्यमा कसैसँग सम्झौता गर्दिनँ'



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ माघ

यातायात व्यवस्था कार्यालय गौरले सेवाग्राहीसँग काम गरे बापत घुस रकम लिएको आरोप निराधार रहेको दाबी गरेको छ । विभिन्न सञ्चार माध्यममा आएको खबरप्रति ध्यानकर्षण भएको यातयात व्यवस्था कार्यालय गौरका सहायक अधिकृत रन्जित साहले बताए । यातयात कार्यालयमा बिचौलियालाई निषेध गरेपछि यो किसिमको आरोप लगाएको उनले दावी गरे । यातायात व्यवस्था कार्यालय गौरका कर्मचारीले घुस बापत रकम मागेको वा प्रमाण भेटिएमा कारवाही हुने उनले बताए । यदपी निराधार र तथ्यहिन खबर प्रकाशन नगर्न आग्रह गर्दै उनले कर्मचारीको मनोवललाई होत्साहित नगरिदिन सुझाव दिए । आफुले कोही व्यतिसँग काम गर्ने वा गराई दिने वहनामा रकम नलिएको दावी गर्दै कार्यालयका सहायक अधिकृतले बिचौलियाले आफ्नो बदनाम गराउन खोजेको जिकिर गरे । सवारी साधनको दर्ता नविकरण गर्ने समयमा कागज विना गरेको, सवारी इन्सोरेन्स विना नै दर्ता प्रमाण पत्र नविकरण गरेको भन्ने आरोपको खण्डन गर्दै उनले यसलाई पुष्टि गरेर देखाउन समेत चुनौती दिए । २०७९ साल फागुन १८ गते यातायात व्यवस्था कार्यालय गौरमा स्थापना भएको हो । कार्यालयबाट स्कुटर, जीप, कार, टेम्पु, ट्र्याक्टर लगायतका सवारी साधनको अनुमति पत्र वितरण तथा सवारी साधनको नविकरण, सवारी दर्ता, सवारी जाँचपास र नामसारी लगायतका कार्य हुँदै आएको छ । यसअघि यातायात सम्बन्धी काम लिएर वीरगञ्ज, बर्दिबास, जनकपुर, लगायत ठाउँमा जानुपर्ने बाध्यता रहेको थियो । अब यातायात व्यवस्था कार्यालय गौरबाट नै सेवा पाउने भएपछि सेवाग्राही हर्षित भएका छन् ।

## प्रचण्डसँग...

लगायतका विषयमा शर्माले नौं बुँदासहितको पुरक प्रस्ताव पेश गरेका छन् । चार महिने अभियानका क्रममा जनस्तरबाट आएको सुझाव र साउन तेस्रो साता कमलादीमा बसेको माओवादी केन्द्रीय समितिको बैठकले दिएको म्यान्डेटअनुसार पूरक प्रस्ताव ल्याएको शर्मा पक्षीय नेताहरु बताउँछन् ।

शर्माले पेश गरेको प्रस्तावमा पार्टीको प्रदेश अध्यक्ष केन्द्रिय समितिको (पोलिट ब्युरो) बैठकमा उपस्थित हुन पाउने, सबै तहका पदाधिकारीहरु प्रतिनिधिद्वारा प्रत्यक्ष निर्वाचित हुने, सबै तहका पदाधिकारीको कार्यकाल र उमेर तोक्नु पर्ने, पार्टीको नाम नेकपा समाजवादी राख्नु पर्ने उल्लेख छ । जबस सम्बन्धी नीति पार्टीको मार्ग दर्शक सिद्धान्त र नीतिलाई स्वीकार गरेर संगठन निर्माण, सुदृढिकरण, परिचालन, पेशागत हकहित र संघर्षका क्षेत्रमा स्वायत्तता प्रदान गर्ने उनको प्रस्ताव छ ।

सरकार संचालन गर्न आवश्यक नीति निर्माण गर्न समन्वय समिति बनाउने पनि उपमहासचिव शर्माको प्रस्ताव छ । पार्टी अध्यक्ष प्रचण्ड यस प्रकारको प्रस्तावका कारण झस्किएको बताइन्छ । माओवादी केन्द्रमा सबै तहका पदाधिकारी प्रत्यक्ष निर्वाचनबाट गर्ने जस्ता प्रस्ताव पनि प्रचण्डको नेतृत्वको खिलापमा आएको उनी पक्षीय नेताहरुको भनाइ रहेको छ ।

तर, पार्टीलाई बलियो बनाउने सन्दर्भमा सबै एकमत रहेको नेताहरु बताउँछन् । यसअघि पम्पा भुसालको संयोजकत्वमा माओवादीले विधान मस्योदा समिति बनाएको थियो। जसको सदस्यहरुमा देव गुरुङ, उपमहासचिवहरु गिरिराजमणि पोखेल, वर्षमान पुन, जनार्दन शर्मा, सचिवहरु गणेश शाह र राम कार्की छन् ।

## कोशी...

कारागारमा रहेकाहरुको रिहाइ र मुद्दा फिर्ताको प्रक्रिया अगाडि बढाउने सहमतिसँगै अर्को वार्ताको मिति समेत तोकिएको छ । अर्को वार्ता आगामी १० फागुन अगाडि हुनेछ। सहमतिसँगै आन्दोलनकारीको समेत सेफ ल्याण्डिङ हुने देखिन्छ ।

किनकि पहिचान पक्षधरहरुबीच कोशीको विरोध गर्नेमा आमसहमति भएपनि विकल्पको नाममा सहमति छैन । विशेषगरी किराँत र लिम्बुवानको दावी पहिचान पक्षधरबीच चर्को बहसको विषय बनेको छ । यसैकारण आन्दोलन सशक्त हुन सकिरहेको थिएन ।

तर आन्दोलनकै क्रममा गत वर्ष ५ चैतमा पदम लिम्बुको निधन भएपछि प्रदेश तथा संघीय सरकार दबावमा परेको थियो । यद्यपि सहमति बमोजिम प्रदेशको नाम फेरिन सक्ने संवैधानिक प्रक्रिया समेत सजिलो छैन ।

किनकि ९३ सदस्यीय प्रदेशसभामा प्रदेशको नाम फेर्न दुई तिहाइ आवश्यक पर्छ । तर अहिलेको सत्ता गठबन्धनसँग बहुमत (४७ जना) मात्रै छ । आन्दोलनकारीसँग भएको सहमति कार्यान्वयन गर्न नेकपा एमालेलाई सहमत गराउनुपर्ने हुन्छ। एमालेसँग प्रदेशसभामा ४० र राप्रपासँग ६ सांसद छन् ।

## गत वर्ष...

विगतको अवस्था जस्तै चालु आवको ७ महिना पूरा हुनै लाग्दा पुँजीगत खर्च ज्यादै न्यून छ। हालसम्म २० प्रतिशत पनि पुँजीगत खर्च भएको छैन । अर्थतन्त्रलाई प्रभावकारी रुपमा चलायमान बनाउन, विकास निर्माणलाई तीव्रता दिँदै समग्र आर्थिक विकासका लागि पुँजीगत खर्च बढाउनुपर्नेमा सिएनआईको जोड छ ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२७**

**प्लानेट एकेडेमी प्रा.लि.** (Planet Academy Pvt Ltd) को मिति २०८०/१०/१२ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मायादेवी मोर्डन एकेडेमी प्रा.लि.** (Mayadevi Modern Academy Pvt Ltd) **(प्रा.लि. नं.: ८०४८६)** साथै साविक ठेगाना परिवर्तन गरी **मायादेवी गा.पा.-०५, रुपन्देही** कायम गर्ने गरी मिति २०८०/१०/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कतारमा रोजगार

कम्पनी: CLIVOCAST CONTRACTING WLL
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/१०/२६ चलानी नं.: ६०२१४६२४ LT. No.: 299703

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 23 | 0 | स. काममा दक्ष | 1000 | ३६,३२० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० फागुन ५ गते (17 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**डायना ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ४०८/०६०/०६१
बाल कुमारी, ललितपुर, फ्याक्सः ५००६३८६, फोन नं: ५१८६३८४,५१८६३८५, ५५५६३२८, ५५५६४२९

## KUWAIT, UAE र BAHRAIN मा वैदेशिक रोजगार

१. कम्पनी: KUWAIT FOOD COMPANY - AMERICANA शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०३/०७ चलानी नं.: ६०२०३५२४ L.T. No.: 288053 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 25 | 125 | स. काममा दक्ष | 120 | ५१,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Kuwait Food Co Americana Main Office One Person Company llc शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०३/२० चलानी नं.: ६०२०४३०८ L.T. No.: 288943 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 50 | 45 | स. काममा दक्ष | 1200 | ४३,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BAHRAIN AND KUWAIT RESTAURANT COMPANY शहर: Baharain
पूर्व स्वीकृत मितिः २०८०/१०/१९ चलानी नं.: ६०२१४२४३ L.T. No.: 299264

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 100 | 100 | सम्बन्धित काममा दक्ष | 125 | ४३,९१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | shift Leader | 10 | 10 | | 160 | ५६,२१४ | | | | | | | |

अन्तर्वार्ता होटल हिमालयन, ललितपुरमा २०८० फागुन ५ गते (17 February 2024) मा हुनेछ ।
सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरीमा २०८० फागुन ६ गते (18 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता सिद्धार्थ होटल, विर्तामोड, झापामा २०८० फागुन ७ गते (19 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता म्याक्सिमास ब्याङ्क्वेट, ललितपुरमा २०८० फागुन ८ गते (20 February 2024) मा हुनेछ ।

- Priority will be given to those who have worked in fast food restaurants.
- Candidates should have minimum 1 year experience in any well-known global QSR Chain.
- Any visible tattoo is not allowed.
- Minimum male height is 5'3 and for female is 5'.
- Minimum education level - high school.
- English language is essential. All Interviews will be conducted in English only and candidates have to answer all the questions in English.
- Maximum age for all candidates is 28 , very limited exceptions for 29 if he/she has a good experience in any international brand.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AIR KINGS PLACEMENT PVT. LTD.**
AKP Gov. Lic. No. 712/064/065
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Office : 9803794885, Sunsari : 025-588191, 9804051234, 9804051235
Jhapa : 982-7903113, 982-6963711, 980-1433003, 981-4918023

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०३/०७ मा दर्ता भएको **प्रा.लि.नं. १४१२४०** को **पुष्पा ह्याण्डिक्राफ्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३२ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०४/११ मा दर्ता भएको **प्रा लि नं १७१७४०/०७४/०७५** को **हिमालयन नेपाल टि एण्ड कफि एक्सपोर्टस प्रा.लि.**को मिति २०८०/१०/२५ मा सम्पन्न विशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: CITY ONE SHOPPING CENTER LLC OPC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/२६ चलानी नं.: ६०२१४६३० LT. No.: 299762

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MESSENGER | 30 | 0 | | 1200 | ४३,२७२ | | | | | | | |
| 3. | Packer | 50 | 0 | | 1200 | ४३,२७२ | | | | | | | |
| 4. | Shop Assistant | 10 | 0 | | 1200 | ४३,२७२ | | | | | | | |
| 5. | Telecommunication Assistant | 30 | 0 | | 1200 | ४३,२७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ५ गते (17 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**P.T.SWIFT HR MANAGEMENT PVT. LTD**
श्रम ईजाजत नं. १५६६/०७९/०८०
Dhumbarahi-4, Kathmandu, Nepal.
Landline No.: 01-5915721, Email: ptswifthr11@gmail.com
Contact No.: 9851199387 | 9851180471

## साउदीमा रोजगार

कम्पनी: HAMED SAUD AL-OTAIBI CONTRACTING EST शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०५/१७ चलानी नं.: ६०२०७११२ L.T. No.: 291859 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता जनकपुरमा मिति २०८० फागुन २ र ३ गते (14 & 15 February 2024) मा हुनेछ । ९८४७०१६७१३

## यूएईमा रोजगार

कम्पनी: D FORCE SECURITY SERVICES L.L.C शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०३/१० चलानी नं.: ६०२०३७९० L.T. No.: 288431 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 15 | 0 | स. काममा दक्ष | 1200 | ४३,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन ५ गते (17 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको १०,००० युएईको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**New Sambriddhi Overseas Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३
Airport, Manpower Bazar, kathmandu, Tel: 01- 4112990 / 4112991
Fax : 01-4475670, Email: sambriddhinew@gmail.com
Mobile: 9818081225/9869396315/ 9865994724

## कतारमा रोजगार

कम्पनी: PRESTIGE VALET PARKING SOLE PROPRIETORSHIP शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/१०/२६ चलानी नं.: ६०२१४६२९ L.T. No.: 299759

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Valet Parking Drivers | 50 | 0 | स. काममा दक्ष | 1500 | ५४,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ५ गते (17 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

NOTE: UAE को light driving licence valid तथा expire भएकाहरुलाई बिशेष प्राथमिकता दिइनेछ साथै खाडी मुलुकहरु (Bahrain, Saudi Arabia, Kuwait, Qatar, Oman) को light licence को म्याद (Valid) भएका हरु ले पनि applied गर्न पाईने छ । उमेरको हदमा ४५ वर्ष भन्दा कम हुनुपर्नेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**QATAR INTERNATIONAL MANPOWER PVT. LTD.** 2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9851349039
E-mail: info@qim.com.np

## कुबेतमा रोजगारको अवसर

१. कम्पनी : AL-HANA UNITED GEN TRAD & CONT CO. शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८०/१०/१५ चलानी नं.: ६०२१४६३३ LT. No.: 299806

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CASHIER | 10 | 25 | सम्बन्धित काममा दक्ष | 120 | ५१,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | CLEANER (INDOOR) | 10 | 50 | | 90 | ३८,६९४ | | | | | | | |
| 3. | Salesperson | 10 | 25 | | 120 | ५१,५९२ | | | | | | | |
| 4. | Security Guard | 10 | 0 | | 125 | ५३,७४१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन ५ गते (17 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com
थप जानकारीका लागी तलको मोबाइल नम्बरमा सम्पर्क गर्नुहोला ।
Contact us (WhatsApp): 9823323577, 9818047443,
9851023594, 9851127063, 9851186125, 9851012102

# तातोपानीको हिउँदे गाउँ सभामा आठ वटा कार्यविधि पारित

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २६ माघ

जुम्लाको तातोपानी गाउँपालिकाले भु-उपयोग कार्यान्वयनसहित आठ वटा कार्याविधि पारित गरेको छ । तातोपानीको १४औं गाउँ सभाको बहुमतबाट गाउँपालिकाका दैनिक क्रियाकलापमा सहजता ल्याउनका लागि आठ वटा कार्यविधि निर्माण गरी पारित गरेको हो ।

तातोपनी गाउँपालिकाका प्रवक्ता अम्मर रोकायाका अनुसार भु-उपयोग कार्यान्वयन कार्यविधि-२०८०, भूमि व्यवस्थापन ऐन-२०८०, दिवा खाजा सञ्चालन तथा व्यवसथापनसम्बन्धी कार्यविधि- २०८० पारित भएको छ ।

उनले एमबीबीएस अध्ययन छात्रवृत्तिसम्बन्धी कार्यविधि-२०८०,गरिबी निवारण कोष व्यवस्थापन कार्यविधि-२०८०, तातोपानी गाउँपालिकाको नक्सा पाससम्बन्धी कार्यविधि-२०८०, सडक आश्रित सहयोगापेक्षी मानव उद्धार पुनःस्थापना तथा व्यवस्थापन कार्यविधि-२०८० र स्थानीय तह यूवा विकास समिति नियमावली-२०८० गरी आठ वटा ऐन नियमालीवली तथा कार्यविधि पारित भएको बताए ।




त्यस्तै तातोपानी गाउँपालिकाले हतार गरेर हुने असारे विकासकालाई अन्त्य गर्नका लागि ८ वटै वडाको योजना सम्झौता असोजमा सकिएको अध्यक्ष नन्द प्रसाद चौलागाईंले बताए । उनका अनुसार वित्तीय समानीकरण अनुदान अन्तर्गतका कूल ७६ वटा योजनामध्ये ६१ वटाको सम्झौता कार्य सम्पन्न भइ ८० प्रतिशत उपलब्धि हाँसिल भएको छ । उनले भने, 'जुम्लाको तातोपानी गाउँपालिकाले वैशाख मसान्तमै योजना निर्माण तथा भुक्तानी गरेर सक्ने अभियान थालेको थियो । त्यही अनुसार असोजमै योजना सम्झौता सक्नेदेखि वैशाख मसान्तसम्म अन्तिम भुक्तानी दिएर सक्ने लक्ष्यका साथ काम भइरहेको छ ।'

त्यस्तै पालिकाकी उपाध्यक्ष रेवती रावलले गत वर्ष पनि वैशाखमै सबै योजना निर्माणको अन्तिम भुक्तानी दिएको बताइन् । उनले तातोपानीले इच्छाशक्ति भएको खण्डमा असारे विकासको पूर्णरुपमा अन्त्य गर्न सक्ने बताइन् । उनका अनुसार पुस मसान्तसम्म तातोपानी गाउँपालिकाले कूल बजेटको ३९.४२ प्रतिशत बजेट खर्च गरेको छ । चालु आर्थिक वर्षका लागि चालु र पुँजीगत गरी कूल ५५ करोड ६० लाख २५ हजार ७ सय रुपैयाँ विनियोजन गरेकोमा ६ महिनामा समग्रमा १७ करोड ४१ लख ५८ हजार अर्थात ३९ प्रतिशत बजेट खर्च भएको प्रगति विरणमा उल्लेख गरिएको छ । प्रदेश सरकार सशर्त अनुदान अन्तर्गत १७ वटामध्ये १० वटाको सम्झौता कार्य सम्पन्न भएको छ ।

उपाध्यक्ष रावलले राजश्व शीर्षक र दरका विषयमा गाउँ सभामार्फत जानकारी दिएकी छन् । उनले कृषिबाली, घरनक्सा पास, पुरानो घरको अभिलेखीकरणलगायतका काम गर्दा कति राजस्व लाग्ने भन्नेबारे जाकारी गराइन् । उनका अनुसार तातोपानीले ६ महिनामा १० लाख १७ हजार ९ सय ७७ रुपैया राजस्व संकलन गरेको छ । १ लाख देखि ५ लाखसम्म पुँजी भएका उद्योग दर्ता गर्दा एक हजार रुपैयाँ दर्ता शुल्क र नवीकरणमा २ सय रुपैयाँ लाग्ने र ५ लाखदेखि १० लाखसम्म पुँजी भएका उद्योगका लागि दर्ता शुल्क ४ हजार रुपैयाँ र नवीकरण शुल्क ८ सय रुपैयाँ तोकिएको छ ।

त्यस्तै तातोपनीका प्रमुख प्रशासकीय अधिकृत तिर्थ बहादुर कठायतले पुँजीगततर्फ १८ करोड १९ लाख ५६ हजार बजेटमध्ये २ करोड ६८ लाख ५३ हजार अर्थात १४.७५ प्रतिशत खर्च भएको बताए । उनका अनुसार चालुतर्फको कूल ३७ करोड ४० लाख ६९ हजार ७ सय रुपैयाँमध्ये १४ करोड ७३ लाख ५ हजार ४ सय अर्थात ३९.३७ प्रतिशत खर्च भएको छ ।

# 'समाजमा शान्ति सुरक्षा कायम गर्न नागरिकको भूमिका महत्वपूर्ण'

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २६ माघ

लुम्बिनी प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक कुबेर कठायतले शान्ति सुरक्षा अमन चयन कायम गर्न नेपाल प्रहरी सक्षम रहेको बताएका छन् । कठायतले बिना बर्दिका नागरिकहरुको पनि शान्ति सुरक्षा कायम गर्ने सवालमा महत्वपूर्ण भूमिका रहने बताएका छन् । शुक्रबार अर्घाखाँचीको पाणिनी गाउँपालिका अन्तर्गत निर्माण सम्पन्न पालि प्रहरी चौकीको उद्घाटन गर्दै महानिरीक्षक कठायतले जनता र प्रहरी मिलेर समाजमा भरपर्दो शान्ति सुरक्षा कायम गर्न सकिने दाबी गरे ।

कठायतले समाजमा अपराधका स्वरुपहरुपनि फेरिँदै गएको प्रहरीले महसुस गरेको बताउँदै प्रहरीलाई आधुनिक प्रविधिमैत्री बनाउनु पर्नेमा जोड दिए । कठायतले कानून कार्यान्वयनले नै समाजमा दण्डहिनता अन्त्य हुने बताउँदै प्रहरीले कुनै प्रलोभनमा नपरी नागरिकलाई राज्य भएको महसुस हुनेगरी काम गर्नुपर्नेमा जोड दिए । पाणिनी गाउँपालिकामा अर्जुन बिल्डर्स एण्ड कम्पनी प्रालि रेसुङ्गा गुल्मीले २०७९/९/७ मा दुई करोड ९९ लाख तीन हजार पाँच सय ४९ रुपैयाँमा सम्झौता गरेको भवनको महानिरीक्षक कठायतले उद्घाटन गरेका हुन् ।




कार्यक्रममा पाणिनी गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपाने, सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्य, ईश्वरी बक्स गुल्मका गुल्मपति महेश्वर थापा, प्रहरी नायब उपरीक्षक प्रतीत सिंह राठौर, प्राविधिक प्रहरी नायव उपरीक्षक इ.रोशन शारु, सशस्त्र प्रहरी बल ३६ नं. का गुल्मपती प्रहरी नायव उपरीक्षक भिमसेन बोहरा, कप्रमुख अनुसन्धान अधिकृत ईश्वरी आचार्य, कोष तथा लेखा नियन्त्रक कार्यालयका निमित्त कार्यालय प्रमुख राजु पाण्डे, पाणिनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपाने, जिल्ला समन्वय समितिका सदस्य कमल घिमिरे, वडा नं.५,६,७ र ८ का वडा अध्यक्षहरु, पालिकास्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न विद्यालयका प्राचार्य तथा प्रधानाध्यापक, विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु, स्थानीय व्यवसायी, पूर्व कर्मचारी, प्रहरी परिवार, अमर प्रहरी परिवार, स्थानीयबासी तथा सञ्चारकर्मीहरुको उपस्थित रहेको थियो । कार्यक्रममा स्थानीय गाउँपालिका, स्थानीय वडा नं.७ र ८ को वडा कार्यालय प्राविधिक प्रहरी नायव निरीक्षक इ. रोशन सारु र निर्माण कम्पनीका प्रोपाइटर लक्ष्मी खनाललाई सम्मान पत्र प्रदान गर्नुका साथै जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा शान्ति सुरक्षा तथा अपराध अनुसन्धान कार्यमा सफल कार्य गर्ने प्रहरी निरीक्षक बिक्रम रिजाल, प्रहरी नायव निरीक्षक राकेश ठाकुर, प्रहरी हवल्दार लाल बहादुर घर्ती तथा प्रहरी सहायक हवलदार भोजराज नेपालीलाई सम्मानपत्र तथा पुरस्कार वितरण गरिएको थियो । सो पश्चात प्रहरी चौकी परिसरमा वृक्षारोपण गरिएको थियो । कार्यक्रम प्रहरी निरीक्षक बिक्रम रिजाललले सञ्चालन गरेका थिए भने प्रहरी निरीक्षक दिपेन्द्र रावलले स्वागत मन्तव्य, प्रहरी नायव उपरीक्षक प्रतीत सिंह राठौरले धन्यवाद ज्ञापन गरेका थिए ।

## आगलागीबाट घाइते लक्षिमाको जिल्ला अस्पतालमा उपचार हुन सकेन

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २६ माघ

आगलागीमा परेर घाइते लक्षिमा सिंहको जिल्ला अस्पतालमा उपचार नहुने भएको छ । बिहीबार हुम्ला जिल्लाको खार्पुनाथ गाउँपालिका वडा नं.५ को याँङचु (डाँडाबाडा) नजिक आँसी काट्नामाथिको सार्वजनिक मेलामा आगलागी हुँदा सिंह आगो नियन्त्रणका लागि गएकी थिइन् । आगो नियन्त्रणकै क्रममा आगोको रापले हातमुख, छाती टाउकोमा जलेर बोल्न नसक्ने अवस्थामा पुगेकी थिइन् । सिंहको प्राथमिक उपचार सामुदायिक अस्पताल खार्पुनाथमै भएको थियो ।

उपचार झन् जटिल बन्दै गएपछि जिल्ला अस्पताल सिमकोट ल्याइको भएपनि घाइतेको पुरै जिउ आगोले जलेकाले जिल्लामा उपचार सम्भव नभएको अस्पतालले जनाएको छ । सिंहलाई जिल्ला बाहिर शुक्रबार रिफर गरेको डाक्टर कैलास लामाले बताए । घाइते सिंहको छाती घाटी तथा हात र मुखमा बढी जलेकाले जिल्ला अस्पतालमा दक्ष स्वास्थ्यकर्मी र चाहिने उपकरणको अभाव रहेको अस्पतालले जनाएको छ ।


## Kaudena Rural Municipality

**Kaudena, Sarlahi**

**Madhesh Province**

### Invitation for Bids

**National Competitive Bidding**
**Notice Publication Date: 2080/10/26**

| SN | Contract ID | Description of work | Estimated Amount |
|---|---|---|---|
| 1 | 2080/81/NCB/01 | Building Construction Works Debdhari Ma Vi Sundarpur | NRs 8266635/- |
| 2 | 2080/81/NCB/02 | Building and toilet construction of Shivnagar Pra Vi | NRs 4131817/- |

*Note: for more details please visit PPMO website www.bolpatra.gov.np/egp*

**स्थानीय सरकार**
**इस्मा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**इस्मा रजस्थल, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८०/१०/२६**

यस गाउँपालिका कार्यपालिकाको कार्यालयको आ.व. २०८०/८१ अन्तर्गत Aadharbhut Thaa Aakasmit Swasthya Sewa ko Lagi Aausadhi Kharid खरिद गर्ने कार्यका लागि मिति २०८०/०९/०२ गतेका दिन प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएका तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | विवरण | निर्माण कम्पनी | कबोल रकम |
|---|---|---|---|
| OIRM/GUL/SQ/080/81-10 | Aadharbhut Thaa Aakasmit Swasthya Sewa ko Lagi Aausadhi Kharid | श्री Samundra Medico Pharma, Rupendehi Butwal-1 | रू 5,45,260.80 (भ्याट र पि.एस.बाहेक) |

**प्रमुख प्रशासकीय अधिकृत**

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAIL HOUSE COMPANY FOR TRANSPORT — शहर: Zulfi
पुर्व स्वीकृत मितिः २०८०/०७/१४ — चलानी नं.: ६०२१४६१४ — L.T. No.:299654

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Unloading Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ५ गते (17 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | रु.१०,०००/- कामदारले व्यहोर्ने |

